राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY
१७ औं प्रतिदिन वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३१६ ॥ २०८२ माघ ०५ गते सोमबार (19th Jan 2026 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# मेयरबाट राजीनामा दिएर राष्ट्रिय राजनीतिमा आए बालेन

झापा । आगामी प्रतिनिधिसभा निर्वाचनमार्फत राष्ट्रिय राजनीतिमा पाइला अघि बढाउने निर्णय लिएका बालेन शाहले काठमाण्डौ महानगरपालिकाको मेयर पदबाट राजीनामा दिएका छन्।

आइतवार नै राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालय गएर उनले दलीय गतिविधिमा प्रत्यक्ष संलग्नता शुरु गरेका छन्। उनले काठमाण्डौ महानगरकी उपप्रमुख सुनिता डंगोललाई सम्बोधन गर्दै नगरप्रमुख पदबाट राजीनामा दिएको बालेनका सहयोगी सुदर्शन बजगाईँले बताए।

२०७९ सालमा भएको स्थानीय तह निर्वाचनमा उनी स्वतन्त्र उम्मेदवारका रूपमा काठमाण्डौ महानगरको मेयरमा निर्वाचित भएका थिए।भदौमा भएको जेनजी आन्दोलनपछि प्रतिनिधिसभा विघटन गरेर फागुन २१ गतेका लागि आम निर्वाचन घोषणा गरिएको छ।

पूर्व गृहमन्त्री रवि लामिछाने सभापति रहेको उक्त दलले बालेन शाहलाई भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरिरहेको छाबालेन शाहले काठमाण्डौ महानगरकी उपप्रमुख सुनिता डंगोललाई सम्बोधन गर्दै एउटा पत्रमार्फत स्वेच्छाले राजीनामा दिएको उल्लेख गरेका छन्।

उक्त राजीनामा पत्रमा भनिएको छ, "प्रस्तुत विषयमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन २०७४ ऐन तथा काठमाडौँ महानगरपालिकाको प्रचलित कानुनी व्यवस्था बमोजिम, म काठमाडौँ महानगरपालिकाको नगर प्रमुख पदबाट मिति २०८२।१०।०४ गते देखि लागू हुने गरी स्वेच्छाले राजीनामा पेस गर्दछु।"

उनले भनेका छन्, "यस पदमा रहँदा काठमाडौँ महानगरपालिका र नगरवासीको हितमा सकेसम्म इमानदारीपूर्वक कार्य गर्ने प्रयास गरेको छु। अबको दिनमा महानगरपालिकाको नेतृत्व, सेवा प्रवाह र विकास-यात्रा थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनोस् भन्ने कामना गर्दै, तपाईँ तथा नगर कार्यपालिकालाई सफलताको शुभेच्छा व्यक्त गर्दछु।"



खास गरी मूलधारका दलहरूको शासन शैली, भ्रष्टाचार नियन्त्रण र सुशासनलाई मुख्य मुद्दाहरू बनाएर लौरो चिन्हमार्फत बालेन शाह काठमाण्डौको राजनीतिमा उदाएका थिए।

पेशाले स्ट्रक्चरल इन्जिनियर र सोखले र्‍यापर रहेका उनले सामाजिक सञ्जाललाई आफ्नो पक्षमा माहोल बनाउने प्रमुख औजारका रुपमा प्रयोग गरेका थिए।

२०७९ सालको स्थानीय तह निर्वाचनमा काठमाण्डौ महानगरमा एक लाख ९१ हजार जनाले मतदान गरेका थिए। त्यसमध्ये बालेनले सबैभन्दा बढी ६१,७६७ मत पाएका थिए।

२०७९ ज्येष्ठ १६ गते पदभार ग्रहण गरेका उनले मेयरका रूपमा आफ्नो कार्यकाल सकिन झन्डै डेढ वर्ष बाँकी हुँदा राजीनामा दिएका हुन्।

पदभार ग्रहण गरेलगत्तै नेपाली सेनाको मुख्यालय जङ्गी अड्डा पुगेर तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मालाई उनले भेटेपछि धेरैलाई सो कदमले आश्चर्यमा पारेको थियो।

दौरा सुरुवाल र भादगाउँले टोपी लगाएर नेवारीमा शपथ लिएर कार्यकाल आरम्भ गरेका उनले महानगरको कार्यपालिकाको बैठकको प्रत्यक्ष प्रसारण गर्नेदेखि लिएर सार्वजनिक शौचालयको व्यवस्थापन, विभिन्न विद्यालयमा छात्रवृत्ति दिलाउने र स्वास्थ्य संस्थाहरूमा गरिबहरूको निःशुल्क उपचारको लागि पैरवी गरेका थिए।

सम्पदा संरक्षणमा उनले अघि बढाएका कतिपय कामहरूको प्रशंसा हुने गरेपनि खास गरी सडक पेटीमा व्यवसाय सञ्चालन गर्नेहरूमाथि नगर प्रहरीबाट भएको भनिएको दमन र कवाडी व्यवसायीमाथि महानगरपालिकाले अख्तियार गरेको नीतिको आलोचना हुने गरेको पाइन्छ।

न्यूयोर्कमा मुख्यालय रहेको मानवअधिकारवादी संस्था ह्युमन राइट्स वाचले पनि सन् २०२२ मा बालेनले सहरका भूमिहीन, मागेर गुजारा गर्ने व्यक्तिहरू र सडक नजिकै व्यवसाय गर्ने व्यक्तिहरूप्रति अँगालेको नीतिको आलोचना गरेको थियो।सन् २०२३ मा विश्व प्रसिद्ध अमेरिकी पत्रिका टाइमले बालेनलाई एक सय उदीयमान व्यक्ति 'टाइम १०० नेक्स्ट' को सूचीमा राखेको थियो।

राजनीतिशास्त्रकी एक जना प्राध्यापक मिना वैद्य मल्ल विगतका मेयरहरूसँग तुलना गर्दा बालेनले काठमाण्डौमा प्रभाव देखिने गरी काम गरेको ठान्छिन्।

उनले भनिन्, "राम्रो पक्ष भनेको कानुन कार्यान्वयनमा कडाइ देखियो जुन सुशासनका लागि आवश्यक हो। स्वतन्त्र, सुधार मुखी र कहिलेकाहीँ विवादमा पनि पर्ने व्यक्तिका रूपमा म उहाँलाई लिन्छु।"

बैठकहरूको प्रत्यक्ष प्रसारण गर्ने कदमले पारदर्शिता बढाएको ठान्ने प्राध्यापक मल्ल फोहोर व्यवस्थापनदेखि विद्यालय सुधार र सार्वजनिक शौचालयको व्यवस्थापन जस्ता मामिलामा प्रयासहरू गरेको ठान्छिन्।

सामाजिक सञ्जालमा राखेका आफ्ना कैयौँ पोस्टहरूका कारण पटकपटक विवादमा तानिएका बालेनको कतिपय अवस्थामा सरकारको नेतृत्वसँग चिसो सम्बन्ध रहेको थियो।

खास गरी फेसबुकमा राखिएको पोस्टमा सिंहदरबारलाई जलाइदिने अभिव्यक्ति बालेन शाहले दिएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली आक्रोशित भएका थिए।

त्यसबेला बालेनलाई पक्राउ गर्ने प्रस्तावबारे शीर्ष नेताहरूको बैठकमा छलफल भएको तर त्यस्तो गर्न नहुने धारणा नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले राखेको जनमत पार्टीका नेता सिके राउतले बताएका थिए।

आफूले नरुचाएका महानगरका प्रमुख प्रशासकीय अधिकृतलाई केपी ओली नेतृत्वको सरकारले निरन्तरता दिएपछि बालेन असन्तुष्ट बनेका थिए। त्यसका कारण महिनौँ काठमाण्डौ महानगरपालिकाको कार्यपालिकाको बैठक समेत बस्न सकेको थिएन।

ओली नेतृत्वको सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि जेनजी युवाहरूले यसै वर्षको भदौमा सार्वजनिक निकायहरूमा हुने गरेका राजनीतिक नियुक्ति, नातावाद र भ्रष्टाचार अन्त्यको माग गर्दै गरेको आन्दोलनमा उनले ऐक्यबद्धता जनाएका थिए।

प्रदर्शनको पहिलो दिन कम्तीमा १९ जना युवाहरू प्रहरीले चलाएको गोलीबाट मारिएपछि भदौ २४ गते परिस्थिति नियन्त्रण बाहिर गएको थियो। त्यसबेला प्रधानमन्त्री ओली राजीनामा दिन बाध्य भएका थिए भने उनलाई सेनाको हेलिकोप्टरमा उद्धार गरेर सुरक्षित स्थानमा पुर्‍याइएको थियो।

उक्त आन्दोलनपछि नवयुवाहरूलाई नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलसँग वार्ता गर्न बालेनले नै सार्वजनिक रूपमा सुझाव दिएका थिए।

सो आन्दोलनलाई उक्साएको आरोप आलोचकहरूले बालेनमाथि लगाउने गरेको पाइन्छ। त्यसबाहेक त्यसक्रममा भएको आगजनी नियन्त्रण गर्न बेलैमा दमकलहरू परिचालन नगरेको लगायतका प्रश्नहरू समेत उनीमाथि उठाउने गरिएको छ।

जेनजी आन्दोलनपछि केन्द्रको राजनीतिमा जोडिने आकांक्षा व्यक्त गरेका बालेनले गएको महिना राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध हुने गरी सात बुँदे सहमति गरेका थिए।

त्यसबेला प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन शाह हुने र रास्वपाको केन्द्रीय सभापति रवि लामिछाने रहने गरी दुई पक्षबीच सम्झौता भएको थियो।

बालेनले सोमबार जनकपुरको तिर हुतियागाछीमा आयोजना हुने रास्वपाको एउटा सभामा सहभागिता जनाउने कार्यक्रम रहेको छ।

उनले पूर्वप्रधानमन्त्री ओलीको झापा ५ बाट आगामी प्रतिनिधिसभा निर्वाचनमा भाग लिँदैछन् । उम्मेद्वारी दिन उनी माघ ५ गते झापा आउँदैछन् ।

## धरान बस दुर्घटनामा पाँचजनाको मृत्यु ,१२ जना घाइते

झापा, माघ ४ । सुनसरीको धरानमा भएको बस दुर्घटनामा पाँचजनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् ।

घाइतेमध्ये पाँचजनाको अवस्था गंभीर रहेको छ । आइतवार दिउँसो ४.१० बजे धरान १३ जिरोप्वाइन्टस्थित कोशी राजमार्गमा भेडेटारबाट धरानतर्फ आउँदै गरेको को १ ख ७११९ नम्बरको टाइम्स इन्टरनेशनल एकेडेमी जनकपुरको स्कुल बस अनियन्त्रित भई श्रीकृष्ण प्रणामी मन्दिरको सटरमा संचालनमा रहेको न्यू सभा मेडिकलमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा ४ जनाको घटनास्थलमा नै मृत्यु भएको थियो भने एकजनाको अस्पताल लैजाने क्रममा ज्यान गएको हो ।

१२ जना घाइतेहरुको वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । मृत्यु हुनेहरुमा जनकपुर १ बस्ने रोहितकुमार मण्डलका छोरा १८ महिनाका रिसबकुमार मण्डल ,महोतरी गैडादेवपुर ८ बस्ने वर्ष ३१ का धैरियाकुमार यादव (स्कुल संचालक) , बराहक्षेत्र ३ बस्ने वर्ष २० का ओमेश राई ,झापा मेचीनगर बस्ने वर्ष १९ का नयन थापा मगर र धरान १३ बस्ने वर्ष २४ की शुभेच्छा सुब्बा रहेका छन् । घाइते हुनेहरुमा जनकपुर १२ बस्ने वर्ष २५ की रिना मण्डल , धनुषा धनौजी गाउँपालिका २ वस्ने वर्ष ३८ का जितेन्द्र मण्डल ,महोतरी मठ्ठीपानी गाउँपालिका ४ वस्ने वर्ष २५ का महमत मुलाल , जनकपुर १ वस्ने वर्ष ४० की सुनेनादेवी मण्डल , जनकपुर ५ वस्ने वर्ष २३ की लक्ष्मी मण्डल , जनकपुर ५वस्ने वर्ष १८ का राजा बाबु , जनकपुर ४ वस्ने वर्ष ४० की मनितादेवी मण्डल , जनकपुर ४ वस्ने वर्ष ३० की पुनिता मण्डल , जनकपुर ५ वस्ने वर्ष २० का कृष्ण मण्डल ,धरान १३ बस्ने वर्ष ४३ की यशोदा श्रेष्ठ , जनकपुर २५ बस्ने वर्ष २४ का रोहित मण्डल र जनकपुर १ बस्ने वर्ष २४ का रोहन मण्डल रहेका छन् ।



बसले ठक्कर दिँदा न्यू सभा मेडिकलको अन्दाजी १३ हजार बराबरको क्षति भएको जनाइएको छ । एउटा स्कुटर पूर्णरूपमा क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ ।

## राप्रपाले टुंग्यायो झापाका उम्मेदवार

झापा, माघ ४ । राष्ट्रिय प्रजातन्त्र पार्टीले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि झापाबाट प्रत्यक्षतर्फका उम्मेदवारको टुंगो लगाएको छ ।

झापा क्षेत्र न.१ नरेन्द्र खड्का, क्षेत्र न.३ राजेन्द्र लिङ्देन, क्षेत्र न.४ भक्ति सिटौला, क्षेत्र न.५ लक्ष्मी संग्रौलाको नाम राप्रपाले टुंगो लगाएको राजेन्द्र लिङदेनका स्वकीय सचिव छत्र कडायतले जानकारी दिए ।

यसैबीच अधिवक्ता स्वागत नेपाल राप्रपामा प्रवेश गरी झापा क्षेत्र नम्बर २ बाट चुनावी मैदानमा उत्रने भएका छन।

राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको जानकारी अनुसार, अधिवक्ता नेपालले माघ ५ गते सोमबार राप्रपाको केन्द्रीय कार्यालयमा एक विशेष कार्यक्रमका बीच आफ्नो उम्मेदवारी घोषणा गर्नेछन्। उम्मेदवारी घोषणा कार्यक्रम बिहान ११:३० बजेका लागि तय गरिएको छ। पछिल्लो समय राष्ट्रवादी र बौद्धिक धारका व्यक्तित्वहरूलाई समेट्दै अघि बढेको राप्रपाले स्वागत नेपालको आगमनलाई पार्टी सुदृढीकरणको महत्वपूर्ण खुड्किलो मानेको छ।

प्रवक्ता श्रेष्ठले राप्रपालाई देशको बलियो राष्ट्रवादी केन्द्र र निर्णायक राजनीतिक शक्तिको रूपमा स्थापित गर्न पार्टीले आक्रामक रणनीति लिएको उल्लेख गरेका छन।

विगतको निर्वाचनमा पनि झापा २ बाट स्वतन्त्र उम्मेदवारी दिई उल्लेखनीय मत प्राप्त गरेका नेपालको राप्रपा प्रवेश र उम्मेदवारीले प्रभाव पार्न सक्ने अनुमान गरिएको छ।

# ओलीले फागुन २१ को निर्वाचनमा के गर्लान् ?

• **लक्ष्मी उप्रेती**

कहिकतै कुनै पनि प्रकारको अवरोध खडा नभए अबको ४६ दिनपछि देशमा प्रतिनिधि सभा सदस्यको निर्वाचन हुँदैछ । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपश्चात् सत्ता सम्हाल्न पुगेको पूर्व प्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार जुनसुकै हालतमा भए पनि निर्वाचन गराउनुपर्ने दवावमा छ भने निर्वाचन आयोग निर्वाचनको तयारीमा जुटिसकेको छ । तोकिएको मितिमा निर्वाचन नगराए सुशीला कार्की नेतृत्वको सरकारको औचित्य समाप्त हुनेछ । यसकारण पनि वर्तमान सरकारले निर्वाचन गराउनै पर्छ ।

भदौ २३ र २४ गते जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारको कार्यादेश छ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने र मुलुकमा सुशासन कायम गर्नु हो । तोकिएको समयमा निर्वाचन सम्पन्न गर्न सरकारले कुनै कसर बाँकी राख्न छैन ।

प्रतिनिधि सभा सदस्य ऐन, २०७४ को दफा ७ बमोजिम निर्वाचन कार्यक्रमको तालिका अनुसार माघ ६ गते विहान १० देखि बेलुका ५ बजेसम्म उम्मेद्वारको मनोनयन दर्ता गर्ने सूची छ । देशका सवै ठाउँमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेका छन् । यसकारण पनि निर्वाचन हुन्छ भन्ने कुरामा ढुक्क हुने अवस्था पनि पलाएको छ । यसरी निर्वाचनको चहलपहल शुरु भइसकेपछि देशका अन्य जिल्लाका निर्वाचन क्षेत्रहरुमध्ये झापाको जिल्लाको निर्वाचन क्षेत्र नम्बर ५ को निक्कै चर्चा हुन थालेको छ । अथवा सवैको ध्यान सोही क्षेत्रमा केन्द्रीत छ ।

उम्मेद्वारका कारण यो क्षेत्र निक्कै चर्चामा रहेको हो । फागुन २१ को निर्वाचनमा कसले बाजी मार्ला चासो सवैतिर छ । झापा क्षेत्र नम्बर ५ एमाले अध्यक्ष केपी शर्मा ओलीको निर्वाचन क्षेत्र हो । झापा-५ मा दमक नगरपालिका र कमल गाउँपालिकाको सबै क्षेत्र, गौरादह नगरपालिकाको वडा नम्बर एकदेखि ८ सम्म र गौरीगञ्ज गाउँपालिकाको ३ देखि ६ नम्बर वडाहरु समेटिएका छन् । राज्य पुनः संरचनापछि साविकको ६ र ७ नम्बर हाल झापा ५ भएको छ ।

यस क्षेत्रबाट आगामी फागुन २१



को निर्वाचनमा एमाले अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री ओलीको एकल नाम सिफारिस भएको थियो । उनी उम्मेद्वार बन्ने टुंगो भइसकेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा समाहित भएपछि काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर बालेन्द्र शाह (बालेन) पनि यसै क्षेत्रबाट चुनाव लड्ने भएका छन् । आइतबारमात्रै उनले काठमाडौं महानगरपालिकाको मेयर पदबाट राजीनामासमेत दिइसकेका छन् । बालेनले काठमाडौंको कुनै निर्वाचन क्षेत्र रोज्छन् वा आफ्नो घर भएको जिल्ला महोतरीबाट चुनावमा प्रतिस्पर्धा गर्छन् भन्ने अनुमान थियो । तर उनले झापा ५ बाटै चुनाव लड्ने भएका छन् । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि झापा-५ बाट रञ्जित तामाङलाई उम्मेदवार बनाएको छ । झापा-५ बाट एमाले अध्यक्ष ओली, रास्वपाका वरिष्ठ नेता बालेन , नेकपाका युवा नेता तामाङ उम्मेदवार बन्ने चर्चा चलिरहेको बेला नेत्रविक्रम चन्द 'बिप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) झापाले पार्टीका केन्द्रीय सदस्य एवम् झापा इञ्चार्ज सुमनसिंह पौडेलको नाम सिफारिस गरेको छ । यसकारण पनि झापा क्षेत्र नम्बर ५ ले सवैको ध्यान आफूतिर खिचेको छ । झापामा ओली,बालेन, पौडेल, तामाङको आमने-सामने भिडन्त वा झापा-५ मा ओली र बालेनबीचको सम्भावित प्रतिस्पर्धाले स्थानीय राजनीति तातेको छ । यो क्षेत्रमा यसअघि भएका निर्वाचनको परिणामतर्फ फर्कदा पहिलो संविधानसभा निर्वाचनबाहेक हरेक निर्वाचनमा ओली भारी मतान्तरले विजयी हुँदै आएका छन् । संविधान सभा सदस्य निर्वाचन २०६४ को निर्वाचनमा एमाले अध्यक्ष ओली तत्कालीन माओवादीका उम्मेद्वार विश्वदीप लिङ्देनसँग पराजित भए । २०६४ चैत २८ गते भएको निर्वाचनमा लिङ्देनले १६ हजार ९९ मत

❖ बाँकी तेस्रो पृष्ठमा

# आचारसंहिता उल्लंघन गरे उम्मेदवारी खारेजीसम्मको चेतावनी

झापा, माघ ४ । झापाका मुख्य निर्वाचन अधिकृत तथा जिल्ला अदालत झापाका मुख्य न्यायाधीश उमेशप्रसाद लुइँटेलले निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्न/गराउन निर्देशन दिएका छन्।

उनले निर्वाचन आचारसंहिता पालना नगर्ने उम्मेदवारको उम्मेदवारी खारेजसमेत हुनसक्ने चेतावनी दिए।

उनले भने, 'यो नैतिक मात्र होइन, बाध्यकारी नियम हो। यो लिगल



डकुमेन्ट हो। भोलि आचारसंहिता उल्लंघन भएको प्रमाणित भए उम्मेदवारी खारेजसमेत हुनसक्ने भएकाले निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्न/गराउन म आग्रह गर्दछु।'

आइतबार जिल्ला प्रशासन कार्यालय झापामा आयोजित सर्वपक्षीय छलफलमा मुख्य निर्वाचन अधिकृत लुइँटेलले मनोनयनका बेलादेखि नै आचारसंहिता उल्लंघनका घटना बाहिन आउनसक्ने भएकाले सचेत रहन राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई आग्रह गरे। मनोनयन दर्ता गर्ने दिन २५ जनाभन्दा बढी मानिस लैजान नपाइने र बढीमा १० वटा मात्र झन्डा प्रयोग गर्नुपर्ने नियमबारे उनले जानकारी गराए।

छलफलका क्रममा मुख्य निर्वाचन अधिकृत लुइँटेलले निर्वाचन आचारसंहिता केवल सामान्य निर्देशिका नभई एक महत्वपूर्ण कानुनी दस्ताबेज भएको स्पष्ट पारे।

"हामी अहिले मनोनयनको चरणमा छौँ, यस समयमा आचारसंहिताको नैतिक मूल्य र कानुनी मर्यादा कायम राख्नु सबैको कर्तव्य हो," उनले भने। उनले निर्वाचनका १० वटा मुख्य कानुनहरूबारे स्मरण गराउँदै आचारसंहिता उल्लंघन भएमा कानुनी कारबाही हुने चेतावनीसमेत दिए।

झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले निर्वाचनको मिति नजिकिएकाले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गराउन प्रशासन प्रतिबद्ध रहेको बताए।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसी नेपालले राजनीतिक दलहरूले प्रचारप्रसारका क्रममा आफ्नो घोषणापत्रमा उल्लेख भएका कुराहरू मात्र जनतामाझ लैजान पाउने र अन्य भ्रामक गतिविधि गर्न नहुने नियमबारे प्रष्ट पारे।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबे, राप्रपा झापाका अध्यक्ष केशव ओझा र नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरी लगायत विभिन्न राजनीतिक दलका नेताहरूको उपस्थिति रहेको थियो।

सहभागी दलका नेताहरूले निर्वाचन आयोगले तोकेका नियमहरूको परिधिभित्र रहेर आफ्ना गतिविधि सञ्चालन गर्ने र निर्वाचनलाई मर्यादित बनाउन पूर्ण सहयोग गर्ने ऐक्यबद्धता जनाएका छन्।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आइतवार मध्यरातदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू हुने भएको छ ।निर्वाचन आयोगको आइतवार बसेको बैठकले यस्तो निर्णय गरेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आवश्यक भएकाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले आचारसंहिता बनाई लागू गरेको उनले बताए।


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

व्याङडाँडा ,झापा

## जनहितमा जारी सूचना

**महिला हिंसा अन्त्य गरौं ।**

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।

## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरू:**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

१. **हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

२. **तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

३. **भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

४. **बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

५. **आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

६. **लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

७ **सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔं, दुर्घटनाबाट जोगिऔं।


## गायत्री...

निर्माण प्रारम्भ भएर २०८१ साल माघ २१ गते विधिपूर्वक माताको प्राण प्रतिष्ठा गर्दै मन्दिर सञ्चालनमा आएको थियो । गायत्री माता मन्दिर व्यवस्थापन समितिले गायत्री जयन्तीमा विशेष प्रकारको कार्यक्रम आयोजना गर्दै साँझ सन्ध्या आरतीसमेत यसअघि गरेको थियो ।

बिर्तामोड ५ स्थित अग्रसेन भवननजिकै मन्दिर निर्माण भएसंगै बिर्तामोड नगरपालिकामा नै पहिलो पटक गायत्री माताको पाँच दिवसीय अनुष्ठानका साथ प्राण प्रतिष्ठा गरिएको थियो ।

मन्दिर उद्घाटनसंगै गायत्री माताको प्राण प्रतिष्ठा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गरेका थिए ।

गायत्री माताको मन्दिर निर्माण सम्पन्न भएसंगै विघटित प्रतिनिधि सभाका सभामुख देवराज घिमिरले पाँच दिवसीय अनुष्ठानको उद्घाटन गरेका थिए भने नेपाल राष्ट्रका प्रथम ऐतिहासिक जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचनको आयोजना गरिएको थियो । बैदिक सनातन र हिन्दू धर्म अन्तर्गत गायत्री माताको महत्वपूर्ण स्थान छ । गायत्री मातालाई जननी मानिन्छ । गायत्री मातालाई बेद माता पनि भन्ने गरिन्छ । माता पार्वती, माता सरस्वती, माता लक्ष्मीको अवतारको रुपमा समेत गायत्री मातालाई लिने गरिन्छ । ऋषि बिश्वमित्रले गायत्री माताको नाममा घोर तपस्या गरेर गायत्री मन्त्र प्राप्त गरी प्रचलनमा ल्याएको र आज पर्यन्त गायत्री मन्त्रको जप गरिँदै आएको बताइन्छ ।

ज्ञान र शक्तिको रुपमा लिइने वेद माताको स्मरण मात्रैले पनि सांसारिक जीवनका सबै प्रकारका



कष्टहरुबाट मुक्ति मिल्ने र जीवनका हर मनोरथ पुरा हुने धार्मिक ग्रन्थहरुमा उल्लेख भएअनुसार आम विश्वास गरिन्छ ।

यही विश्वासका कारण माताको दर्शनार्थ आउने भक्तजनको संख्यामा समेत उल्लेख्य वृद्धि भएको बताइएको छ । बिर्तामोड ५ मा गायत्री माताको मन्दिर निर्माण भएसंगै संरक्षकसहित व्यवस्थापन समिति र सल्लाहकार समितिसमेत गठन भएको थियो ।

मन्दिर निर्माण समितिका संयोजक रौनक वंशलसहित बिर्तामोड नगरपालिका प्रमुख, उपप्रमुख , वडानम्वर ५ का वडाध्यक्ष, इलाका प्रहरी कार्यालय अनारमनी, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा, सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस क्याम्प शनिश्चरेका प्रमुखलाई मन्दिरको संरक्षक बनाइएको छ भने ३१/३१ सदस्यीय व्यवस्थापन समिति र सल्लाहकार समिति तयार गरिएको छ । मन्दिर निर्माण समितिका संयोजक वंशलको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , बिर्तामोड वडा नम्वर ५ का वडाध्यक्ष रोहित प्रसाई , नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, अर्जुनधारा जलेश्वर धामका अध्यक्ष नवीन गट्टानी लगायतका विशिष्ठ व्यक्तिको उपस्थितिमा बसेको बैठकले विवेक अग्रवालको संयोजकत्वमा ३१ सदस्यीय व्यवस्थापन समिति गठन गरेको थियो ।

त्यस्तै सहसंयोजक सुजित अग्रवाल, सचिवमा मनोज बजाज र कोषाध्यक्ष राजेश अग्रवाल चयन भएका छन् ।

मन्दिर व्यवस्थापन समितिको सदस्यहरुमा मुकेश अग्रवाल, विकास अग्रवाल, सुमित अग्रवाल, विजय सिङ्गल, श्याम वंशल, मनोज वंशल, तारा श्रेष्ठ, रमा खनाल, टङ्कप्रसाद खनाल, अजय कलवार, शत्रुघन गुप्ता रौनियार, अशोक चौधरी, श्याम अग्रवाल, निरज वंशल, मनिष पोद्धार, सतिष अग्रवाल, अभिषेक अग्रवाल, रवि वंशल, अनमोल सिङ्गल, रवि शर्मा, साहिल जोधानी, टेकेन्द्र अग्रवाल, नरेश मित्तल, विशाल गोयल , प्रयागचन मित्तल, रितेश अग्रवाल, कौशल अग्रवाल चयन भएका थिए ।

सल्लाहकार समितिमा उमेश डालमिया, निर्मल भट्टराई , राजु न्यौपाने , कुशल खतिवडा ,सुरेशकुमार अग्रवाल 'भद्रपुरे', मोहन मित्तल, प्रशान्त भण्डारी, एकराज गिरी, मेघराज बास्तोला,नवीनकुमार गोयल,नवीन गट्टानी,सुवास भट्टराई,सजेश शिवाकोटी,विष्णुकुमार निरौला,राजकुमार गुप्ता,पार्वता खरेल बिमली, स्वस्तिका आचार्य,नीलम अग्रवाल,दिनेश श्रेष्ठ,निशा गुप्ता, वेदप्रकाश वंशल, विनोद वंशल ,सुशील अग्रवाल 'सीए',शुभ कुमाई पाठक, अनुज मारु,शिवकुमार अग्रवाल,दीपचन्द साहेवाला,पप्पु वंशल ,जनिश कर्नानी,महेश चितलाङ्गिया र यज्ञराज अग्रवाल चयन भएका थिए ।


## कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४,झापा

## धितोमा रहेको अचल सम्पत्ति लिलाम गर्ने बारेको अत्यन्त जरूरी सूचना

प्रकाशित मिति-२०८२/१०/०५

यस संस्थाको बिभिन्न सेवाकेन्द्रहरुमा तपशिलमा उल्लेखित ऋणीहरुले व्यवसायिक तथा अन्य कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना लगायत अन्य रकम समेत यस संस्थासँगको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्ल++३न गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तर-तागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी कर्जा चुक्ता गर्न नआई ऋणको साँवा,ब्याज तथा हर्जना नबुझाएको हुँदा बिभिन्न मितिमा३५ दिनभित्र कर्जा चुक्ता गर्न आउनु भनी ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत चुक्ता गर्न नआउनु भएको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरि कर्जा सुरक्षण बापत संस्थाका नाममा दृष्टि बन्धक लेखिदिएको तपसिलको अचल सम्पत्ति लिलाम सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई बुझाउनुपर्ने साँवा रकम र सो दिनसम्मको लाग्ने ब्याज र हर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न गराउनु हुन तपाई ऋणी सदस्य तथा साक्षी/जमानीकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ . अन्यथा क्रम संख्या १,२,३र ४ को मिति २०८२ साल फाल्गुण १३ गते बुधवार संस्थाको दमक सेवाकेन्द्रमा, क्रम संख्या ५र ६ को मिति २०८२ साल फाल्गुण १३ गते बुधवार संस्थाको उर्लाबारी सेवाकेन्द्रमा तथा क्रम संख्या ७ देखि ११ सम्मको मिति २०८२ साल फाल्गुण १३ गते बुधवार संस्थाको केन्द्रीय कार्यालय बिर्तामोडमा लिलामी कार्य सम्पन्न हुने हुँदा सम्पत्ति खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, कम्पनीहरुमा सूचित गरिन्छ , पुनश्चः सम्पत्ति लिलामी हुने दिन सम्बन्धित ऋणी तथा जग्गाधनीहरुलाई समेत लिलाम तोकिएको मिति र समयमा उपस्थित भई दिनहुन यसै सूचनामार्फत जानकारी गराईन्छ , ऋणी तथा जग्गाधनी उपस्थित नभएपनि लिलामी कार्य सम्पन्न गर्न कुनै बाधा हुने छैन ।धितो लिलामी हुने समय बिहान ११ वजे सुरु भई अपरान्ह४ वजे समाप्त हुनेछ ।

नोट- धितो लिलामी प्रयोजनका लागि न्यूनतम मूल्याङ्कन धितो लिलामी हुने दिनभन्दा ७ दिन पहिले सम्बन्धित सेवाकेन्द्र तथा केन्द्रीय कार्यालयमा सूचना टाँस गरि प्रकाशन गरिनेछ ।

| क्र. सं. | ऋणीको नाम | ठेगाना | बाबु/बाजे/पति | ज.ध.को बिवरण | धितोको बिवरण | २०८२/१०/४ सम्मको तिर्न बाँकी रकम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | बिकाश भट्टराई<br>ना.प्र.नं.-<br>२१४४१/ ०६०/ ६१<br>सुनसरी | दमक-६ | बाबुः रामजी भट्टराई<br>बाजेः झक्क प्रसाद | ज.ध.ः शोभा दहाल<br>बाबुः जय प्रसाद दहाल<br>पतिःबिकाश भट्टराई | जुरोपानी-७<br>कि.नं.१९३४र १९३०<br>क्षेत्रफल १५३५.५० ब.मी र ५२३३.३५ ब.मी | रु.४६१९७१५/ | दमक ,झापा |
| २ | पूर्ण कुमारी देवान<br>ना.प्र.नं.-३४१७४/४७३३<br>ईलाम | कमल- ३, झापा | बाबुः- जय बहादुर देवान<br>पतिः- छत्रहाङ्ग फागो | ज.ध.-छत्रहाङ्ग फागो<br>बाबुः- हर्क प्र.फागो<br>बाजेः- खड्क प्र.फागो | तोपगाछी-५ घ<br>कि.नं.-४५१५<br>क्षेत्रफल- ६७.७३ ब.मी | रु.२७५७१३२/ | लखनपुर ,झापा |
| ३ | तेज बहादुर राई<br>ना.प्र.नं.-१७७९६<br>झापा | कमल- ४, झापा | बाबुः- लिलाबहादुर राई<br>बाजेः- धनबहादुर राई | ज.ध.- तेज बहादुरराई<br>बाबुः- लिला ब.राई<br>बाजेः- धनबहादुरराई | तोपगाछी-६ क<br>कि.नं.-३०७६<br>क्षेत्रफल-५९२.५८ ब.मी | रु.८०५६९१/ | लखनपुर ,झापा |
| ४ | पुण्य प्रसाद प्रसाई<br>ना.प्र.नं.०१२८१०९९<br>झापा | बिर्तामोड-३, झापा | बाबुः- बिष्णु प्रसाद प्रसाई<br>बाजेः- जनकलाल प्रसाई | ज.ध.-पुष्पादेवी प्रसाई<br>बाबुः- भक्ती प्र. पकुवाल<br>पतिः- पुण्य प्रसाद प्रसाइ | शिवगञ्ज-७<br>कि.नं.२१७३८र २१७३६<br>क्षेत्रफल-५०३.७३ र ४५२.९३ ब.मी | रु.१९०८८४६५/ | सैनिकमोड, झापा |
| ५ | पर्शुराम आचार्य<br>ना.प्र.नं. ०५-०६-७१-३२२८४ मोरङ्ग | सुन्दरहरैचा-७ मोरङ्ग | बाबुःप्रेम प्रसाद आचार्य<br>बाजेः जगन प्रसाद | ज.ध.- लक्ष्मी लम्साल आचार्य<br>बाबुः खेमराज लम्साल<br>पतिः- पर्शुराम आचार्य | हरैंचा-९<br>कि.नं.३००४<br>क्षेत्रफल - ६७७.२८ ब.मी. | रु.८२०३५७९/ | बेलबारी, मोरङ्ग |
| ६ | देवेन्द्र बिश्वकर्मा<br>ना.प्र.नं.-<br>०५१०१०/७२०<br>मोरङ्ग | मिक्लाजुङ्ग-३ | बाबुःतुलसी ब. बि.क.<br>बाजेः- भक्तबहादुर | ज.ध. - मुना सिन्चौरी<br>बाबु- साहमान बिश्वकर्मा<br>पति- देवेन्द्र बिश्वकर्मा | टाँडी-५<br>कि.नं.९०३<br>क्षेत्रफल- १११८.८२ ब.मी. | रु.२८७०५४९/ | मधुमल्ला, मोरङ्ग |
| ७ | त्रिलोचन ओली<br>ना.प्र.नं.-०४१०३१/३९५<br>झापा | बिर्तामोड-२ | बाबुः दुर्गा प्रसाद ओली<br>बाजेः जय प्रसाद | ज.ध.ःदुर्गा प्रसाद ओली<br>बाबुः-जय प्रसाद<br>बाजेः-नन्दलाल | चारपाने-९<br>कि.नं.२०१७ र १४९८<br>क्षेत्रफल ३८.०९ ब.मी<br>र १२२.७४ ब.मी | रु.११८५३९३/ | बिर्तामोड झापा |
| ८ | मनोज दहाल<br>ना.प्र.नं.-०४३०३१/९२०<br>झापा | कन्काई -३ ,झापा | बाबुः- नोयानाथ दहाल<br>बाजेः- लक्ष्मी प्रसाद दहाल | ज.ध.- मनोज दहाल<br>बाबुः- नोयानाथ दहाल<br>बाजेः- लक्ष्मी प्रसाद दहाल | सुरुङ्गा-७<br>कि.नं.-२९६८ र २९७३<br>क्षेत्रफल-३०४७.६७ र २३७०.४१ ब.मी. | रु.२०६८१४२/ | सुरुङ्गा, झापा |
| ९ | बुद्धलक्ष्मी आचार्य<br>ना.प्र.नं.-४०४१४३३३<br>झापा | अर्जुनधारा -२, झापा | बाबुः डिल्ली प्रसाद ओझा<br>पतिः-पूर्ण प्रसाद आचार्य | ज.ध.- पूर्ण प्रसाद आचार्य<br>बाबुः- जनकलाल<br>बाजेः- गोबिन्द | बुधबारे-१ क<br>कि.नं. ३०८६,४५२८ र १७०८<br>क्षेत्रफल-६७७.२६, ९३५.४४ र १०१५.८९ ब.मी. | रु.६९८१८९२/ | खुदुनाबारी, झापा |
| १० | साबित्री कुमारी चौधरी<br>ना.प्र.नं.-१३८/१७३,<br>सुनसरी | अर्जुनधारा-६ | बाबुः- सोहनलाल चौधरी<br>पतिः डम्बरलाल चौधरी | ज.ध.- डम्बरलाल चौधरी<br>बाबुः-फागुलाल<br>बाजेःशनीलाल | अनारमनी-४<br>कि.नं.४२२६<br>क्षेत्रफल १६९.३१ ब.मी. | रु.१११४३६९/ | बिर्तामोड झापा |
| ११ | राजेश कोईराला<br>ना.प्र.नं.-२०४४/५४<br>झापा | अर्जुनधारा-६ | बाबुः-भिम बहादुर<br>बाजे-चन्द्र बहादुर | ज.ध.- राजेश कोईराला<br>बाबुः-भिम बहादुर<br>बाजे-चन्द्र बहादुर | शनिश्चरे-८<br>कि.नं. १०१३४<br>क्षेत्रफल-९१४.२८ ब.मी. | रु.८९१४५०/ | महानन्दचोक झापा |

**कर्णाली साकोस**, बिर्तामोड ४ झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कांग्रेसलाई मिलाऊ

निर्वाचन आयोगले नेपाली कांग्रेस विशेष महाधिवेशनपछि उत्पन्न आधिकारिकताको विवाद समयमै टुंगो लगाएको छ। विशेष महाधिवेशनपछि गगनकुमार थापा र विश्वप्रकाश शर्मासहितका नेता र शेरबहादुर देउवा पक्ष निर्वाचन आयोगमा आधिकारिकताका निम्ति पुगेका थिए। अन्ततः आयोगले शुक्रबार साँझ विशेष महाधिवेशनबाट पार्टी सभापति निर्वाचित भएका गगन पक्षको कांग्रेसलाई आधिकारिकताको मान्यता दिएको हो। विशेष महाधिवेशनले कांग्रेसको पुरानो केन्द्रीय कार्यसमिति भंग गरिसकेको र आयोगबाट आधिकारिकताको मान्यता पाइसकेपछि गगन नेतृत्वलाई निर्वाचन अभियानमा अघि बढ्न सहज भएको छ। तर देउवा पक्ष सर्वोच्च अदालतमा पुगिसकेको छ ।

गत भदौ २३ को जेनजी विद्रोह र त्यसको भोलिपल्ट मुलुकलाई थकाउने गरी गरिएको तोडफोड, आतंक र आगजनीपछि ठुला दलमा परिवर्तनको दबाब परेकै हो। त्यो दबाबले कांग्रेसलाई अछुतो छाड्ने कुरा भएन। विशेष गरी गगन थापाजस्ता पछिल्ला दशकमा खारिएका नेता तथा कार्यकर्ताको भविष्यका निम्ति पनि परिवर्तन आवश्यक रहेको हो। देउवालगायतको लाग्दो हो त नयाँलाई मौका दिने अवस्था थिएन। जसरी पनि नेतृत्व आफूमा केन्द्रित गरेर जाने र दललाई निर्वाचनमा भाग लिन पनि अप्ठ्यारो पार्ने अवस्था रहेको हो। गगन–विश्वको यसपटकको सार्थक विद्रोहले जेनजी आन्दोलनपछिको परिवर्तनलाई आत्मसात गरेको सन्देश दिएको छ।

कम्तीमा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले आफूमाथि प्रश्न उठेपछि महाधिवेशनको आयोजना गरे। महाधिवेशनकै मञ्चबाट उनी नेतृत्वमा आइसकेपछि कसैले केही भन्ने ठाउँ रहेन। कम्तीमा ओलीले जस्तै गरी कांग्रेसले महाधिवेशन आयोजना गरेको भए अहिले विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन गर्नुपर्ने थिएन तर अहिले गरिएको यो विद्रोहले कांग्रेसलाई नयाँ जीवन मात्र दिएको छैन, यसलाई परिवर्तनलाई आत्मसाथ गर्ने दलका रूपमा स्थापित गरेको छ। मुलुकको सबैभन्दा पुरानो दल कांग्रेसले नेपालका सबैजसो ठुला राजनीतिक परिवर्तनमा आफूलाई अग्रणी राखेको छ। माओवादीको सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण रूपान्तरणका निम्ति समेत यसले योगदान गरेको हो। कांग्रेसको पुरानो विरासतलाई जोगाउँदै अघि बढ्न सक्ने अवस्थामा अहिलेको विद्रोहले काम गरेको छ।

कांग्रेसको विशेष महाधिवेशन आयोजना भएदेखि नै यसलाई विभाजनका रूपमा चित्रण गर्ने काम संस्थापन पक्षबाट भएको हो। निर्वाचन आयोगबाट यसलाई आधिकारिक मान्यता दिइसकेपछि यसको विभाजन नभएको पुष्टि पनि गरेको छ। कांग्रेस विभाजित हुने हो भने अब निर्णय देउवा पक्षका नेताहरूबाट हुन सक्छ। तथापि, देउवाले बदलिँदो परिस्थिति र आमनेता तथा कार्यकर्ताको विश्वास आर्जन गर्ने हुन् भने आयोगले मान्यता दिइसकेको कांग्रेसलाई नै स्वीकार गर्दै आफू सक्रिय राजनीतिबाट बिदा लिनुपर्छ। त्यसै गरी बदलिएको संस्थापन गगन–विश्व पक्षले अब सबैलाई मिलाएर जानुपर्ने चुनौतीपूर्ण समय छ।

Pratidin National Daily
प्रतिदिन

तपाईं जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# चलायमान अर्थतन्त्रको आशा



• विजयराज पोखरेल

कोरोना महामारीका कारण २०७६ को अन्त्यदेखि गम्भीर असर भोग्दै आएको अर्थतन्त्रमा पछिल्ला केही वर्षमा बाह्य क्षेत्रमा सुधार देखिए पनि आन्तरिक क्षेत्र अझै दबाबमै छ । अर्थतन्त्र शिथिल अवस्थामा छ । आर्थिक विकासमा आशातीत नतिजा प्राप्त गर्न नसक्नुमा राजनीतिक अस्थिरता प्रमुख समस्याको रूपमा रहँदै आएको छ । विगतमा सधैँ अनुत्पादक क्षेत्रमै अलमलिने प्रवृत्तिले गर्दा पनि शिथिल अर्थतन्त्रलाई मलजल पुगेको छ । अर्थतन्त्र चलायमान बनाउने हो, अबका दिनमा उत्पादनशील र दिगो अर्थतन्त्रको विकास सबैको सरोकारको विषय बन्नु पर्छ ।

कोरोना महामारी र रुस-युक्रेन युद्धले विश्वकै अर्थतन्त्र प्रभावित हुन पुग्यो । यसबाट नेपाल अछुतो हुने कुरै भएन । बढ्दो महँगी, उच्च आयात, घट्दो विप्रेषण आप्रवाह, न्यून विदेशी विनिमय सञ्चिति, चुलिँदो व्यापारघाटा, बैङ्किङ क्षेत्रमा तरलता सङ्कुचन जस्ता कारण नेपाल राष्ट्र बैङ्कले कसिलो मौद्रिक नीति अवलम्बन गर्दै कर्जा प्रवाहमा केही बन्देजका साथै विलासी वस्तुको आयात नियन्त्रण गर्नुपर्ने अवस्था आयो । यो नीतिबाट सरकारको भन्सारमुखी राजस्व प्रभावित हुन पुग्यो । विसं २०७८ असारमा १० महिनाको वस्तु तथा सेवा आयात गर्न पर्याप्त रहेको विदेशी मुद्रा सञ्चिति २०७९ को असारमा ६.९ महिनाका लागि मात्र धान्न सक्ने अवस्थामा पुग्यो । धन्न आकलन गरिए अनुसार वैदेशिक रोजगार क्षेत्र प्रभावित नहुँदा विप्रेषण आप्रवाहले अर्थतन्त्रलाई ठुलै टेको दियो । आर्थिक वर्ष २०७६/७७ मा ८७५ अर्ब तीन करोड रहेको विप्रेषण निरन्तर उकालो लाग्दै आव २०८१/८२ मा १७२३ अर्ब २७ कारोडको कीर्तिमान कायम राख्न पुग्यो । आव २०७५/७६ मा १०३८ अर्ब ३८ करोड रहेको विदेशी विनिमय सञ्चिति पनि २०८२ मङ्सिरसम्ममा ३२०१ अर्ब ४७ करोड पुगेको छ । पछिल्ला वर्षमा अर्थतन्त्र लयमा आएको भन्दै हामी पुनः विप्रेषण र आयातमुखी राजस्वमै रमाउन थालेका छौँ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका पछिल्ला कदमले विश्वकै अर्थव्यवस्थामा उथलपुथल ल्याउँदै छ । नेपाल पनि थप प्रभावित हुन सक्छ ।

अहिले बैङ्किङ प्रणालीमा १० खर्ब लगानीभन्दा बढीयोग्य रकम रहे पनि अपेक्षा गरिए अनुरूप कर्जा विस्तार हुन सकेको छैन । यसबाट अझै पनि देशमा पर्याप्त व्यावसायिक वातावरण बन्न नसकेको पुष्टि हुन्छ । कर्जा लागानी गरेर मात्र हुँदैन, तोकिएका सर्त तथा सुविधाबमोजिम सही ठाउँमा सदुपयोग पनि हुनु पर्छ । देशमा उत्पादनमूलक क्षेत्र किन अगाडि बढ्न सकेन त ? प्रश्न उठ्नु पनि स्वाभाविकै हो । केन्द्रीय बैङ्कले प्रकाशित गरेको आव २०८१/८२ वार्षिक प्रतिवेदनले कुल कर्जामा थोक तथा खुद्रा व्यापार र उपभोग्य कर्जा जस्ता क्षेत्रले प्रमख स्थान ओगटेबाट अर्थतन्त्र उत्पादनभन्दा आयात र उपभोगमुखी छ भन्ने प्रस्ट पार्छ । त्यसो त राष्ट्र बैङ्कले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन क्षेत्रगत कर्जा सीमा पनि तोक्दै आएको छ । यसका साथै कृषिलगायतका १० शीर्षकमा सहुलियत कर्जाको व्यवस्था पनि गरिएको छ ।

राष्ट्र बैङ्कको नीतिगत व्यवस्थाबाट पछिल्लो दशकमा ऊर्जा क्षेत्रमा उत्साहजनक प्रगति देखिए पनि कृषि र लघुउद्यम क्षेत्रमा आशातीत प्रगति अझै देखिएको छैन । सहुलियत कर्जामा त लक्षित वर्गभन्दा टाठाबाठाले फाइदा लिइरहेको गुनासो सुनिने गरेको छ । यस सम्बन्धमा राष्ट्र बैङ्कले नियुक्त गरेको परामर्शदाताले अध्ययन गरेको प्रतिवेदनमा ब्याज अनुदानको सहुलियत कर्जामध्ये करिब १८ प्रतिशत दुरुपयोग भएको तथ्य बाहिरिएको छ । साधारण उद्यमी त परियोजना प्रस्ताव र वित्तीय विवरण जस्ता कागजातको बोझले बैङ्किङ पहुँचमै पर्न सक्दैनन् । तसर्थ कर्जा नीति लक्षित उद्यमी लाभान्वित हुने किसिमको हुनु पर्छ ।

कर्जाको दुरुपयोग गर्नेप्रति बैङ्क तथा वित्तीय संस्था कठोर बन्नै पर्छ । उद्यमव्यवसाय गर्न भनी लिइएको कर्जा वित्तीय विवरण ढाकछोप गरी घरजग्गा तथा सेयरमा लगानी हुने आशङ्का पनि नौलो होइन । यसको दृष्टान्तमा चालु पुँजी कर्जामा हुने दुरुपयोग रोक्न केन्द्रीय बैङ्कले २०७९ कात्तिकदेखि लागु गरेको ' चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' लाई लिन सकिन्छ । यो मार्गदर्शनको व्यापक विरोधपछि चालु पुँजी कर्जामा लचकता अपनाउँदै पटकसम्म संशोधन गरियो । हाम्रो बैङ्किङ नियम पनि धितोमुखी छ । त्यसमाथि जग्गाजमिन जस्ता अचल सम्पत्ति नै बैङ्कको प्राथमिकतामा पर्छ । व्यवसाय विस्तार गर्न धितोका लागि जग्गाजमिन जोड्नै पर्ने बाध्यता ऋणीलाई छ । चल सम्पत्तिको आधारित कर्जा सुरक्षण गर्ने कानुनी अधार तयार गर्न जोड दिनु अपरिहार्य छ ।

जेनजी आन्दोलन देशमा सुशासनको अभाव र चरम बेथिति थाती राख्दाको विस्फोट थियो । आगामी दिनमा यस आन्दोलनबाट हामी सबैले पाठ सिक्न जरुरी छ । सुशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र मितव्ययिताबिना कुनै पनि मुलुक उँभो लाग्न सक्दैन । यसको अभावमा युवा वर्गमा वितृष्णा व्याप्त छ । रोजगारको खोजी विदेश पलायन बढ्दो छ । बाँकी बस्नेहरूको मनोबल खस्किएको छ । अर्थतन्त्रका सबै क्षेत्र सुस्त छन् । औद्योगिक क्षेत्र झन् अधोगतिमा छ । २०५४ साल अगाडिसम्म उत्पादनमूलक क्षेत्रको योगदान १३ प्रतिशत रहेकोमा अहिले ४.८७ प्रतिशतमा खुम्चिन पुगेको छ । नेपाल राष्ट्र बैङ्कको आव २०८१/८२ को आर्थिक गतिविधि प्रतिवेदनले उद्योगको औसत क्षमता उपयोग ४४.५ प्रतिशत देखाएको छ । निश्चय पनि अर्थतन्त्रका सबै क्षेत्र फस्टाउनु पर्छ । कृषि, जलस्रोत र पर्यटन नै हाम्रो मुख्य प्रतिस्पर्धी क्षमता हो । अनुत्पादक क्षेत्रमा अलमलिनुभन्दा यसैमा केन्द्रित गरेर अगाडि बढ्दा सबैको भलो हुन्छ । व्यापार, घरजग्गा, सेयर बजार जस्ता क्षेत्रको कारोबारलाई सन्तुलित रूपले लैजानु पर्छ । घरजग्गा व्यवसाय र सेयर बजार नै सर्वस्व हो भनी हिजोको दिनमा हामी रमाएकै हौँ । उत्पादनमूलक क्षेत्रलाई बढावा नदिई घरजग्गा व्यवसाय र सेयर बजारमा मात्र सधैँ उछालको सपना दिगो हुन सक्दैन ।

हाम्रा योजना र बजेटमा उत्पादनमुखी अर्थतन्त्र र आत्मनिर्भरताका नारा खुब गुञ्जायमान हुन्छन् । कोरोनाकालपछि सबै बजेट पल्टाउने हो भने लोभलाग्दा नाराले पोतिएका छन् । कार्यान्वयनका पाटोमा हामी सधैँ चुक्छौँ । हेर्दाहेर्दै कृषि निकृष्ट व्यवसायमा परिणत भयो । खेतीपाती धान्ने जनशक्ति गाउँबाट पलायन हुँदै छ । उचित बजार नपाएर कृषि उपज खेतमै जोत्नुपर्ने अवस्था हरेक वर्ष दोहोरिन्छ । अर्कोतिर कृषि वस्तुको आयात हरेक वर्ष चुलिँदो छ । कृषि बजारमा बिचौलियाको तह हाबी हुँदा कृषकको लागत पनि उठ्न सक्दैन । कृषि अनुदान दुरुपयोगको प्रश्न असरल्ल छ । सरकारले नै कृषकको पैसा समयमा भुक्तानी दिन सक्दैन । दुग्ध उत्पादक/उखु किसान यसबाट प्रताडित छन् । यसै गरी कृषि कर्जाको ब्याज र बिमाको प्रिमियमवापतको अनुदान भुक्तानी समयमा हुन सक्दैन । विगतमा उखुको भुक्तानी समयमा नहुँदा उखु उत्पादन न्यून भई गत वर्ष क्रसिङ सिजन अगावै चिनी मिल बन्द हुन पुगेका थिए । उत्पादनमूलक उद्योगलाई टेवा दिने क्षेत्र नै कृषि हो । कृषि र उद्योगबिच तालमेल मिल्न सकेको छैन । भएका उद्योगधन्दा धराशायी बनाइए । बृहत् रोजगारी सिर्जना गर्ने कृषि र उद्योगमै आकर्षण नभएपछि आन्तरिक रोजगारीको सिर्जनामा आघात पुग्ने नै भयो ।

देशको अर्थतन्त्र उत्पादनमूलक बनाउन पूर्वाधार विकास महत्वपूर्ण हुन्छ । पछिल्ला आवमा कुल विनियोजित बजेटमा पुँजीगत बजेटको अंश घट्दै गएको छ । पुँजीगत बजेटको अंश आव २०७३/७४ मा २९.७ प्रतिशत थियो भने आव ८२/८३ मा २०.८ प्रतिशत मा झरेको छ । विगत केही वर्षदेखि पुँजीगत खर्च ६० प्रतिशतकै हाराहारीमा रुमलिने गरेको छ । यस आवको आधा समय व्यतीत हुन लाग्दा पनि पुँजीगत खर्चमा सुधार देखिँदैन । सरकारलाई चालु खर्च नै धान्न धौ धौ परेको अवस्थामा पुँजीगत खर्चको प्रवृत्तिले उत्पादनमूलक अर्थतन्त्र निर्माणको गतिलाई सुस्त बनाएको छ । बनेका पूर्वाधार प्रयोगविहीन र पूर्ण क्षमतामा सञ्चालन नहुँदा आयोजना निर्माणको प्राथमिकता र औचित्यमाथि नै प्रश्न उब्जिन्छ । यसको उदाहरणमा भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ ।

अर्थतन्त्र पूर्ण चलायमान बनिनसकेको, वित्तीय प्रणालीमा अधिक तरलता रहेको तथा बैङ्किङ क्षेत्रमा निष्क्रिय कर्जा वृद्धि भएको लगायत विविध समस्या रहेकाले सोको अध्ययन गरी सुधारका लागि राष्ट्र बैङ्क, सञ्चालक समितिद्वारा गत २०८२ ज्येष्ठ ३० मा गठित कार्यदलले सुझाव प्रतिवेदन पेस गरिसकेको अवस्था छ । यो प्रतिवेदनले बैङ्किङ क्षेत्र मात्र होइन, अर्थतन्त्रका सबै अवयवलाई समग्रतामा हेरेर अर्थतन्त्र चलायमान बनाउन आवश्यक सुझाव पेस गरेको छ । यसलाई सबै सरोकारवालाले गम्भीरतापूर्वक ग्रहण गर्न आवश्यक छ ।

आव २०८१/८२ को बजेटमा तोकिएबमोजिको नयाँ चरणको आर्थिक सुधार कार्यक्रम अघि बढाउन गत असोजमा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारलाई अन्तरिम प्रतिवेदन गत चैत्रमै बुझाएको थियो । संयोगले अहिले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका तत्कालीन संयोजक नै अहिले अर्थमन्त्री हुनुहुन्छ । विगतमा पनि सुधारका नाममा थुप्रै आयोग, समिति र कार्यदल गठन हुन्थे । तिनले बुझाएका प्रतिवेदन दराजमै थन्क्याउने प्रचलन छ । यस्ता प्रचलनलाई पनि साधन स्रोतको अनुत्पादक प्रयोगकै द्योतक मान्दा हुन्छ । देशमा व्यवसायमैत्री वातावरण बनाई गरिखाने बाटो सिर्जना गर्ने प्रमुख जिम्मेवारी सरकारकै हो । योजना, बजेट र प्राप्त सुझाव कार्यान्वयनका लागि इमानदारिताका साथसाथै सेवा प्रवाहमा चुस्तता र सुशासनको प्रत्याभूति दिन सकेमा मात्र देशमा चलायमान अर्थतन्त्रको अपेक्षा गर्न सकिन्छ ।- गोप

# कांग्रेस : आशाबाट जिम्मेवारीतर्फ



• विद्युत् लामिछाने

नेपाली राजनीतिमा गगन थापा अब 'उदाउँदै गरेको सम्भावना' मात्र होइनन्। उनी नेपाली कांग्रेसका सभापति हुन्- पार्टीलाई समेट्दै अघि बढाउने जिम्मेवारीसँगै, दशकौंदेखि जरा गाडेर बसेका संरचनात्मक कमजोरीहरूलाई सम्बोधन गर्नुपर्ने दायित्व बोकेको नेतृत्व। विशेष महाधिवेशनपछि उनले भनेका छन्, 'यो विद्रोह होइन, कांग्रेसको पुनर्जन्म हो।' यो भनाइ भावनात्मक उद्घोष मात्र होइन; एउटा गम्भीर राजनीतिक दाबी हो। किनभने पुनर्जन्मको अर्थ यहाँ केवल अनुहार फेर्नु होइन, कांग्रेसले राजनीति गर्ने तरिका, निर्णय गर्ने संस्कार र सार्वजनिक जवाफदेहिताको मानक बदल्नु हो।

### गौरवशाली इतिहास र संरचनात्मक जडता

कांग्रेसको इतिहास गौरवशाली छ। बीपी कोइरालाले रोपेको वैचारिक बीउ–लोकतन्त्र, सामाजिक न्याय र व्यक्तिगत स्वतन्त्रताको संयोजनले पार्टीलाई दशकौं मार्गदर्शन गर्‍यो। तर, समयसँगै कांग्रेसभित्र एउटा पुरानो संरचना मजबुत हुँदै गयो, जसले पार्टीलाई बाहिर लोकतान्त्रिक देखाए पनि भित्र निर्णय प्रक्रियालाई केन्द्रीकृत, अपारदर्शी र व्यक्ति-आधारित बनाउँदै लग्यो। नीति बहसभन्दा सत्ता व्यवस्थापन प्राथमिक बन्न थाल्यो र संगठन क्रमशः प्रतिक्रियात्मक हुँदै गयो। यही संरचनात्मक जडताले कांग्रेसलाई पटक-पटक जनअपेक्षा र भुइँतहका कार्यकर्ताको भावनाबाट टाढा पुर्‍यायो।

### गुटतन्त्र र पहुँचको राजनीति

पार्टीभित्रको सबैभन्दा गहिरो समस्या गुट र उपगुटको दीर्घकालीन प्रभाव हो। नीति र विचारभन्दा निष्ठा, पहुँच र आन्तरिक समीकरणलाई प्राथमिकता दिने निर्णय संस्कारले कांग्रेसको संस्थागत क्षमतालाई कमजोर बनायो। योग्य, जनस्वीकृत र नीतिगत रूपमा स्पष्ट कार्यकर्ताहरू धेरैपटक निर्णायक प्रक्रियाबाट बाहिर रहे, पहुँच-केन्द्रित निर्णयले संगठनको विश्वसनीयतामाथि प्रश्न उठायो। यही प्रवृत्तिले कांग्रेसलाई आफ्नै एजेन्डाबाट बिचलित बनायो र चुनावी मैदानमा अनावश्यक क्षति बेहोर्न बाध्य बनायो।

### टिकट वितरण : योग्यता कि समीकरण ?

टिकट वितरण यसै संरचनात्मक समस्याको सबैभन्दा प्रत्यक्ष अभिव्यक्ति रहँदै आएको छ। योग्यता, स्थानीय स्वीकार्यता र इमानदारीभन्दा आन्तरिक समीकरण, आर्थिक हैसियत र पहुँचका आधारमा टिकट बाँडिएको आरोप कांग्रेसका लागि नयाँ होइन। यही अभ्यासले धेरै सक्षम र जनतामा विश्वास भएका नेताहरूलाई किनारामा राख्यो र कमजोर उम्मेदवारलाई प्रतिस्पर्धामा उतार्‍यो। परिणाम स्वरूप, भ्रष्टाचार, कुशासन र अनियमितताविरुद्ध कडा भाषण भए पनि चुनावी मैदानमा नैतिक बल कमजोर भएको अनुभूति जनतामा रहिरह्यो।

### भ्रष्टाचार र नैतिक बलको प्रश्न

भ्रष्टाचारका मुद्दामा कांग्रेसले भोगेका राजनीतिक हारहरू पनि यही संरचनात्मक कमजोरीसँग गाँसिएका छन्। भ्रष्टाचारविरुद्ध स्पष्ट आवाज उठाउने नेताहरू पार्टीभित्र असहज ठानिने तर सम्झौतावादी राजनीति गर्नेहरू निर्णायक स्थानमा पुग्ने प्रवृत्तिले कांग्रेसलाई 'सैद्धान्तिक रूपमा सही तर व्यवहारमा अस्पष्ट' पार्टीको छवि दियो। गगन स्वयं यस प्रवृत्तिविरुद्ध उभिएका नेता हुन् – सडकदेखि संसद्सम्म व्याप्त भ्रष्टाचार, ठगी र कुशासनविरुद्ध निरन्तर आवाज उठाउँदै आएका। आज सभापति बनेपछि उनीसँग यही छवि बदल्ने ऐतिहासिक अवसर छ; तर त्यत्तिकै ठूलो जोखिम पनि।

### मन्त्री र सांसदका रूपमा नीतिगत अनुभव

गगनको आजको नेतृत्व क्षमता उनको विगतको संसदीय र मन्त्रीय अनुभवको जगमा उभिएको छ। स्वास्थ्यमन्त्री हुँदा उनले अघि सारेको 'स्वास्थ्य बीमा'को अवधारणा र कार्यान्वयन नेपालको सामाजिक सुरक्षाको क्षेत्रमा कोसेढुंगा मानिन्छ। विपन्न नागरिकको उपचारमा पहुँच पुर्‍याउने, सरकारी अस्पतालको सुधार र औषधि खरिदमा पारदर्शिताका लागि उनले चालेका कदमहरूले उनलाई 'परिणाममुखी' नेताको रूपमा स्थापित गरे।

सांसदका रूपमा उनले संसदीय समितिहरूमा रहेर गरेका बहसहरू, शिक्षा र स्वास्थ्य विधेयकमा पुर्‍याएको योगदान र वैदेशिक रोजगारीका विकृतिविरुद्धको लडाइँले उनलाई केवल भाषण गर्ने नेता मात्र होइन, बरु ऐन-कानुनको मर्म बुझ्ने नीति-निर्माताका रूपमा चिनायो। उनले संसद्मा सधैं 'तथ्यांकमा आधारित' बहसलाई प्राथमिकता दिए, जसले परम्परागत कांग्रेसभित्र एक नयाँ प्राज्ञिक र व्यावसायिक शैली भित्रायो। यही अनुभवकै कारण आज उनी विशेष महाधिवेशनमा शासन सुधारका जटिल प्रस्तावहरू ल्याउन सक्षम भएका हुन्।

### विशेष महाधिवेशन र प्रणाली-केन्द्रित मार्ग

यही सन्दर्भमा विशेष महाधिवेशनमा प्रस्तुत गरिएको राजनीतिक प्रतिवेदन निर्णायक दस्तावेजका रूपमा उभिएको छ। प्रतिवेदनले कांग्रेसको पुरानो संरचनामाथि प्रत्यक्ष आरोप नगरे पनि मौन तर स्पष्ट आलोचना गर्दै पार्टीलाई व्यक्ति-केन्द्रित होइन, प्रणाली-केन्द्रित बनाउनुपर्ने संकेत दिएको छ। शासन सुधार, भ्रष्टाचार नियन्त्रण, आन्तरिक लोकतन्त्र र आर्थिक अवसर विस्तारलाई एउटै नीतिगत फ्रेममा राखेर कांग्रेसलाई पुनः नीति-केन्द्रित पार्टी बनाउने प्रयास देखिन्छ। यो प्रतिवेदन कांग्रेसको हालसम्मकै सबैभन्दा स्पष्ट नीति-आधारित दस्तावेजमध्ये एक मानिन्छ।

### प्रधानमन्त्रीको कार्यकाल र उत्तरदायी नेतृत्व

गगनले अघि सारेको प्रधानमन्त्रीको कार्यकाल सीमित गर्ने प्रस्ताव पनि यही सोचको उपज हो। यो प्रस्ताव कुनै एक नेताविरुद्ध लक्षित छैन, यो सत्ता केन्द्रीकरणको संस्कृतिविरुद्धको संरचनात्मक हस्तक्षेप हो। यसले नेतृत्वलाई उत्तरदायी बनाउने, पार्टीभित्र नेतृत्व विकासलाई संस्थागत गर्ने र एक व्यक्ति वरिपरि केन्द्रित राजनीतिक अभ्यासलाई कमजोर बनाउने लक्ष्य राख्छ। कांग्रेसभित्र लामो समयदेखि कायम नेतृत्व निरन्तरताको संस्कृतिलाई चुनौती दिने यो प्रस्ताव व्यवहारमा कति दृढतासाथ अघि बढ्छ, त्यसले गगन थापाको नीतिगत दृढता देखाउनेछ।

### गगन-विश्वप्रकाशको समन्वित सुधार

यही नीतिगत यात्रामा विश्वप्रकाश शर्माको भूमिका पनि निर्णायक देखिन्छ। संगठन सुधार, डिजिटल सदस्यता प्रणाली, पारदर्शी क्रियाशील सदस्यता र नीति-आधारित प्रशिक्षणमा उनले दिएको जोडले गगनको शासन-केन्द्रित नीतिहरूलाई संगठनात्मक आधार प्रदान गर्छ। यी दुई धार सँगसँगै अघि बढ्न सके, कांग्रेस पहिलो पटक नीति र संगठन दुवै मोर्चामा समन्वित सुधारतर्फ अघि बढ्न सक्छ। महाधिवेशनमा पेस गरिएको प्रतिवेदनले कांग्रेसको वर्तमान अवस्था, विगतका गल्ती र भविष्यका मार्गदर्शक मूलतत्वहरूलाई विस्तृत रूपमा समेटेको छ। गठबन्धन नगर्ने नीति, आन्तरिक प्रतिस्पर्धा (प्राइमरी), सरकारी जिम्मेवारीको स्पष्ट अवधि, समानुपातिक प्रणालीमा सुधार जस्ता प्रस्तावहरूले पार्टीलाई सिद्धान्त र प्रक्रियामा बाँध्ने प्रयास देखिन्छ। आगामी चुनावमा गठबन्धनमा नजाने निर्णय-मूल्य र मान्यतामा सम्झौता नगरी प्रतिस्पर्धा गर्ने–प्रतिवेदनका सबैभन्दा ध्यानाकर्षक प्रस्तावमध्ये एक हो।

### समावेशी संरचना र युवा प्रतिनिधित्व

युवा प्रतिनिधित्व मजबुत पार्ने प्रावधानले पार्टीलाई समावेशी नेतृत्व संरचनातर्फ उन्मुख बनाएको स्पष्ट संकेत दिन्छ। उमेर, लिंग, समुदाय र लक्षित समूहको प्रतिनिधित्वलाई नियम र प्रक्रियामै बाँध्ने प्रस्ताव-३० वर्षमुनिका र ३०-४० उमेर समूहका न्यूनतम प्रतिनिधित्व–घोषणामात्र होइन, संरचनागत सुधारको संकेत हो। यसैगरी, हरेक तहका समिति सदस्यहरू तल्लो तहबाटै निर्वाचित हुनुपर्ने प्रस्तावले 'माथिबाट मात्र' नेतृत्व चयनको पुरानो अभ्यासलाई चुनौती दिएको छ।

### अभियानमा जनताको साथ

कांग्रेसभित्र सुरु भएको यो वैचारिक र संरचनात्मक 'पुनर्जन्म'को अभियान केवल गगन र विश्वप्रकाशको निजी महत्वाकांक्षा होइन, यो आम कार्यकर्ता र परिवर्तन चाहने जनताको साझा मुद्दा हो। दशकौंदेखि गुटको राजनीति र पहुँचको शासनबाट आजित भएका भुइँतहका कार्यकर्ताले यस अभियानलाई दरिलो साथ दिनु अनिवार्य छ। यदि पार्टीका आम सदस्यहरूले यो विद्रोहलाई स्वामित्व ग्रहण गरेनन् भने पुरानै संरचनाले नयाँ पुस्ताको यो साहसलाई पुनः निमोठ्न सक्छ। त्यसैले, कांग्रेसलाई साँच्चिकै लोकतान्त्रिक र गतिशील बनाउन पार्टीका हरेक सदस्यले 'व्यक्तिभन्दा पद्धति' र 'गुटभन्दा विचार'लाई रोज्दै यो नेतृत्वलाई साथ दिनुपर्ने बेला आएको छ। जनताले पनि यो परिवर्तनलाई केवल रमिते भएर होइन, सक्रिय खबरदारी र समर्थन मार्फत बल पुर्‍याउनुपर्छ, ताकि राजनीतिमा थिति बसाल्ने यो प्रयास सफल हुन सकोस्।

### बाह्य राजनीतिक परिदृश्य र प्रभाव

कांग्रेसभित्र देखिएको यो नेतृत्व परिवर्तनलाई केवल आन्तरिक घटनाका रूपमा सीमित गरेर हेरिएको छैन। अन्य दलका सचेत राजनीतिक वृत्तले पनि यसलाई चासोका साथ नियालिरहेका छन्। नेकपा एमाले र

❖ बाँकी तेस्रो पृष्ठमा

# उदयपुरमा ट्रक दुर्घटना, दुई जनाको मृत्यु

उदयपुर । मदन भण्डारी राजमार्गअन्तर्गत नेपालटार-गाईघाट सडकखण्डको उदयपुरगढी गाउँपालिका -७ अँधेरीमा मालवाहक ट्रक दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ ।

बाग्मती प्रदेश ००१ ख ०५०५ नम्बरको मालवाहक ट्रक दुर्घटना हुँदा दुई जनाको ज्यान गएको हो । ट्रक अनियन्त्रित भई दुर्घटना हुँदा चालक र सहचालकको मृत्यु भएको हो।उनीहरूको सनाखत हुन सकेको छैन । दुवै जना पुरुष रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी राजन चापागाईंले बताए। ट्रक सडकबाट



५० मिटर तल अधेरी खोलामा झरेको जनाएको छ। दुर्घटना भई गम्भीर घाइते भएका चालक तथा सह-चालकलाई उपचारको लागि जिल्ला अस्पताल उदयपुर लैजाने क्रममा साँझ ५ बजे मृत्यु भएको उनले बताए। घटनाको थप अनुसन्धान भइरहेको उनले बताए।

नारायणघाटदेखि सामान बोकेर गाईघाटतर्फ जाने क्रममा उक्त ठाउँमा दुर्घटना भएको ट्राफिक प्रहरीले जनाएको छ । घटनास्थलमा प्रहरी, ट्राफिक र स्थानीय उद्धारमा खटिएका थिए ।

## ओलीले...

ल्याउँदा ओलीको पक्षमा १४ हजार ९ सय ५९ मत आयो ।

हुन त, संविधान सभा सदस्य निर्वाचन २०६४ को परिणाम संसदीय राजनीतिका खेलाडी नेपाली काँग्रेस र नेकपा (एमाले) का लागि अपेक्षित थिएन । जनयुद्धको रापतापबाट शान्तिपूर्ण राजनीतिमा आएको तत्कालीन नेकपा माओवादी पहिलो संविधान सभाको निर्वाचनमा २२० ठाउँमा जितेर पहिलो दल बन्यो । काँग्रेसले ११० र नेकपा एमालेले १०३ सिटमै सीमित रहे ।

२०६४ को पहिलो संविधानसभाको निर्वाचनमा पराजित ओली २०४८ यताका सबै चुनावमा झापाबाट निर्वाचित हुँदै आएका छन् । उनी ०४८, ०५१ र ०५६ को संसदीय निर्वाचनमा झापा क्षेत्र नं. ६ बाट निर्वाचित भएका थिए । नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टीलगायतका पुराना दल भदौ २३-२४ गते अघिको अवस्थामा आफ्नो राजनीतिक हैसियत फिर्ता गर्न चाहन्छन् । जेनजी पुस्ता र नयाँ दल संवैधानिक सुधारसहितको उन्नत लोकतन्त्र चाहन्छन् । तर, यसको फैसला यो देशका मतदाताहरुले गर्नेछन् ।

बालेन ओलीका कटु आलोचक मानिन्छन् । बालेन ओलीलाई हराउने उद्धेश्यले मात्रै झापा आएका हुन् भन्ने टिकाटिप्पणी पनि सुरु भएको छ । यसकारण पनि पछिल्लो समय झापाको निर्वाचन क्षेत्र नम्बर ५ मा सवैको ध्यान केन्द्रीत छ ।

क्षेत्र नम्बर –५ मा कुल मतदाता संख्या एकलाख ६३ हजार तीनसय ७९ रहेको निर्वाचन कार्यालय झापाले जनाएको छ । ८१ हजार ८१ पुरुष, ८२ हजार दुईसय ९६ महिला र अन्य दुई जना मतदाता छन् । यसक्षेत्रमा ६१ वटा मतदान स्थल र एकसय ८५ वटा मतदान केन्द्र रहेका छन् ।

## कांग्रेस...

माओवादी केन्द्रजस्ता दलहरूमा अझै पुरानै पुस्ताको वर्चस्व कायम रहँदा, कांग्रेसभित्र विशेष महाधिवेशनमार्फत नयाँ पुस्ताको नेतृत्व उदाउनु आफैंमा एउटा राजनीतिक सन्देश बनेको छ। यही कारण, कांग्रेसको 'विद्रोह'लाई प्रतिस्पर्धी दलका केही नेताहरूले खुला विरोधभन्दा परिवर्तनको स्वाभाविक अभ्यासका रूपमा बुझेको संकेत देखिन्छ।

नेकपा एमालेभित्र संगठन, विचार र पुस्तान्तरणबारे प्रश्न उठाउँदै आएका योगेश भट्टराई जस्ता नेताहरूका सार्वजनिक टिप्पणीहरूले पनि यही साझा अनुभूति झल्काउँछन्। प्रत्यक्ष समर्थनको भाषा प्रयोग नगरिए पनि पुरानै संरचनाले नयाँ पुस्ताको आकांक्षा धान्न नसक्ने यथार्थबारे उनका भनाइले कांग्रेसभित्रको गगन-विश्वप्रकाश नेतृत्वलाई दलगत सीमाभन्दा बाहिर राखेर हेर्ने दृष्टिकोणलाई बल पुऱ्याएको छ। यसले समस्या कांग्रेसको मात्र होइन, समग्र दल प्रणालीकै हो भन्ने बुझाइ अन्य दलभित्र पनि बढ्दै गएको संकेत दिन्छ।

जेन-जी पुस्ताको सर्तसहितको भरोसा

सबैभन्दा स्पष्ट र खुला समर्थन भने नयाँ पुस्ताबाट आएको देखिन्छ। जेन-जी पुस्ताले गगन थापा र विश्वप्रकाश शर्मालाई परम्परागत नेताजस्तै भाषण र नारामा सीमित पात्रका रूपमा होइन, सुन्ने, संवाद गर्ने र असहज प्रश्नबाट नभाग्ने नेताका रूपमा हेरेको छ। सामाजिक सञ्जालमा देखिएको समर्थन भावनात्मक उत्साह मात्र होइन; त्यो पारदर्शिता, नीतिगत स्पष्टता र परिणामको अपेक्षासँग जोडिएको छ। यो समर्थन अन्धो होइन- सर्तसहितको समर्थन हो, जहाँ 'अब काम देखिनुपर्छ' भन्ने अपेक्षा स्पष्ट छ।

२०८२ भदौ २३ र २४ को युवा आन्दोलनपछि बनेको राजनीतिक चेतनाले यही कुरा प्रस्ट पारेको छ। नयाँ पुस्ता अब कुनै एक दलको स्थायी मतदाता बन्न चाहँदैन; उनीहरू नीति, व्यवहार र जवाफदेहिताको आधारमा नेतृत्वलाई मूल्यांकन गर्न चाहन्छन्। यही कारण, गगन-विश्वप्रकाशको उदयलाई जेन-जीले 'अन्तिम समाधान' होइन, एक सम्भावनाको सुरुवातका रूपमा स्वागत गरेको देखिन्छ। यो समर्थन टिकिरहन्छ कि प्रश्नमा बदलिन सक्छ भन्ने कुरा उनीहरूको निर्णय र व्यवहारले नै तय गर्नेछ।

सुशासन : भाषणबाट प्रणालीतर्फ

सुशासन अहिले वैकल्पिक एजेन्डा होइन– यो जनताको न्यूनतम अपेक्षा बनेको छ। सेवा प्रवाह समयमै, खर्च पारदर्शी, निर्णय उत्तरदायी र गल्तीमा कारबाही- यी आधारभूत मानक पूरा नगरी राजनीतिक विश्वसनीयता टिक्दैन। गगनको अबको नेतृत्व यहीँ परीक्षणमा पर्छ : प्रश्न उठाउने नेताबाट प्रणाली चलाउने नेतृत्वमा रूपान्तरण। सुशासनलाई नाराबाट निकालेर नियम, प्रक्रिया र संस्थामा उतार्न सकेमात्र भरोसा दीर्घकालीन बन्नेछ।

ऐतिहासिक फैसलाको घडी

अबको परीक्षा दुई तहमा छ– पहिलो, पार्टीभित्रः उम्मेदवार छनोट, संगठन सञ्चालन र निर्णय प्रक्रियामा पारदर्शिता। दोस्रो, सार्वजनिक शासनमाः नीति कार्यान्वयन, सेवा सुधार र जवाफदेहिता। जनताको अपेक्षा स्पष्ट छ- पुरानै अभ्यास दोहोर्नु हुँदैन। यदि सुधारको वाचा व्यवहारमा देखिएन भने, जेन-जीबाट आएको समर्थन सबैभन्दा कडा आलोचनामा बदलिन सक्छ। तर यदि सुधार संस्थागत भयो भने यही म्यान्डेटले नयाँ राजनीतिक संस्कृतिको ढोका खोल्न सक्छ। अन्ततः, जनताको आकांक्षा सरल छरू राजनीति काम गरेर देखियोस्।

गगन-विश्वप्रकाशप्रतिको भरोसा यही आकांक्षाको परिणाम हो र जेन-जी आन्दोलनबाट आएको म्यान्डेट यसको स्पष्ट संकेत। अब प्रश्न व्यक्तिको लोकप्रियता होइन, नेतृत्वले प्रणाली कति बदल्न सक्छ भन्ने हो। यही ठाउँमा गगन थापाको अर्को चरण सुरु हुन्छ- जहाँ सफलता भाषणले होइन, सुशासनका ठोस नतिजाले मापन हुनेछ। अपूबाट

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

...........................................................

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# गायत्री मन्दिरमा दुई लाखभन्दा बढी भक्तजनद्वारा दर्शन

झापा, माघ ४ । पूर्वको आस्थाको केन्द्र बनेको गायत्री माताको मन्दिरमा सुरुवातको पहिलो वर्षमा दुई लाखभन्दा बढी भक्तजनले दर्शन गरेका छन् ।
पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वर धामपछि बढी भक्तालु आउने धार्मिक स्थल गायत्री मन्दिर बनेको हो । मन्दिरमा दिनहुँ उल्लेख्य रुपमा श्रद्धालु भक्तजनहरु पूजापाठ र दर्शन गर्नका लागि आउने गरेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।
पूर्वमा गायत्री माताको मन्दिर नरहेको र जिल्लामै पहिलो पटक बिर्तामोडमा बनेको सो मन्दिर आस्थाको केन्द्र बनेको दर्शनार्थीहरु बताउँछन् ।
गायत्री मन्दिरमा दैनिक पूजा पाठसंगै नियमित रुपमा आयोजना गरिएका विशेष अनुष्ठानहरुमा अझ धेरै सहभागिता हुने गरेको छ ।
गत वर्ष जेठ २२ गते मन्दिरले गायत्री जयन्ती मनाएको थियो । विभिन्न संघ संस्थाका पदाधिकारीसहित भक्तजन ,बटुक, स्काउट तथा धार्मिक एवम् सामाजिक व्यक्तिहरुको सहभागितामा ऱ्यालीसमेतको आयोजना गर्दै बिर्तामोड नगर परिक्रमापछि पुनः मन्दिर परिसरमा पुगेर धार्मिक सभामा परिणत भएको थियो ।
पूर्वमै पहिलो पटक अढाई करोड रुपैयाँको लागतमा मन्दिर निर्माण भएसंगै गायत्री जयन्तीसमेत पहिलो पटक मनाइएको थियो । २०८० साल जेठ १७ गतेबाट मन्दिर

❖ बाँकी अन्तिम पृष्ठमा

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः–२०८२/१०/०५

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३५औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको ३६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोडमा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम् कदाचित सो धितोबाट कर्जा असुल उपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| | | |
|---|---|---|
| **शाखा कार्यालयः दमक** | **कर्जाको प्रकार : ब्यावसायिक आवधिक कर्जा र डिमाण्ड कर्जा** | |
| **ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण** | | |
| **ऋणीः** कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा मिति २०७८/११/०२ मा दर्ता नं. २८३९८७/०७८/०७९ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला दमक न.पा. वडा नं. ८ भै हाल सोही स्थानमा स्थित **होटल के.बि.आर.प्रा.लि.**। | | |
| **धितो सूरक्षणको विवरण : होटल के.बि.आर. प्रा. लि** को नाममा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १३ स्थित कि.नं. २१५ को क्षेत्रफल ६६०.२७ (ब.मि.) जग्गा, उक्त जग्गामा निर्मित पक्की घर र उक्त घरजग्गाले चर्चेका सम्पूर्ण लिगलिगापात समेत । | | |
| **ब्यक्तिगत जमानतकर्ता /संचालकः**<br>नाम : विरेन्द्र प्रसाद रिजाल<br>बाबु : यमनाथ रिजाल<br>बाजे : त्रिलोचन रिजाल<br>ना.प्र.नंः ९१७८/६२६ (२०४४/०४/२१ झापा)<br>ठेगानाः पांचथर जिल्ला, भारपा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं.१ बस्ने । | **ब्यक्तिगत जमानतकर्ता /संचालकः**<br>नाम : खगेन्द्र बहादुर थापा<br>बाबु : धन बहादुर थापा<br>बाजे : अमर बहादुर थापा<br>ना.प्र.नं : ७०५२/२३७९ (२०५९/०२/१९ झापा)<br>ठेगानाः मोरङ्ग जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा वडा नं. ५ बस्ने । | **ब्यक्तिगत जमानतकर्ता /संचालकः**<br>नाम : सरस्वती देवि अधिकारी<br>बाबु : ज्ञान प्रसाद अधिकारी<br>पति : विरेन्द्र प्रसाद रिजाल<br>ना.प्र.नंः ५६६००१३७९ (२०४४/१२/२२ झापा)<br>ठेगानाः झापा जिल्ला, दमक न.पा वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं.१ बस्ने । |
| **ब्यक्तिगत जमानतकर्ता /संचालकः**<br>नाम : अन्जना खड्का<br>बाबु : याम बहादुर खड्का<br>पति : खगेन्द्र बहादुर थापा<br>ना.प्र.नं : ०४२०४४/३१९७ (२०६६/०९/२१ झापा)<br>ठेगानाः झापा जिल्ला दमक गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा वडा नं. ५ बस्ने । | **ब्यक्तिगत जमानीकर्ताः**<br>नाम : सुरज रिजाल<br>बाबु : विरेन्द्र प्रसाद रिजाल<br>वाजेः यमनाथ रिजाल<br>ना.प्र.नंः ०४२०४४-११३७७ (२०७१/०२/११ झापा)<br>ठेगानाः झापा जिल्ला, दमक गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं.१ बस्ने । | **ब्यक्तिगत जमानतकर्ता /संचालकः**<br>नाम : युवराज रिजाल<br>बाबु : विरेन्द्र प्रसाद रिजाल<br>वाजेः यमनाथ रिजाल<br>ना.प्र.नंः ०४२०४४-२१२१ (२०६५/११/२५ झापा)<br>ठेगानाः झापा जिल्ला, दमक न.पा वडा नं. १ स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने । |

**शर्तहरुः–**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533664 | 534093
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ